सिंजा गाउँपालिका
गाउँ कार्यपालीकाको कार्यालय
**कृषि विकास शाखा**
नराकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नराकोट, जुम्ला

मिति :-२०८३/०२/०४

पत्र संख्या :-२०८२/०८३
च न

**सूचना ।** **सूचना ।।** **सूचना ।।।**

## *रासायनिक विषादी प्रयोग गर्न निषेध गरीएको सम्बन्धि सूचना*

*सूचना नं*

प्रस्तुत विषयमा जुम्ला जिल्ला सिंजा गाउँपालिका वडा नं १ देखी वडा नं ६ सम्मका खेतीपाती गर्ने सम्पूर्ण कृषकहरुले धानमा झार मार्न र रोगकिरा नियन्त्रण गर्न प्रयोग गरिने कुनै पनि रासायनिक विषादी, फलफूल बगैचामा तथा अन्य बालीमा प्रयोग गरिने रासायनिक विषादीले तपशिल अनुसारको नकरात्मक असर पुर्याउने हुदा बिभिन्न बालीनालीमा रासायनिक बिषादी प्रयोग नगर्न साथै विभिन्न एग्रोभेट तथा पसलहरुलाई पनि सो विषादी बिक्री वितरण गर्न रोक लगाईएको ब्यहोरा सिंजा गाउँपालिका गाउँ कार्यपालिको मिति २०८३/०१/०५ गतेको निर्णयानुसार जानकारीका साथ अनुरोध गरिन्छ । यदि सिंजा गाउँपालिका कार्यपालिकाको नियम नमानी रासायनिक विषादी प्रयोग गरेमा तथा बिक्री वितरण गरेमा सिंजा गाउँपालिकाको कार्यपालिकाको नियमानुसार कडा भन्दा कडा कार्बाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**<u>रासायनिक विषादीको प्रयोगले हुने/पर्ने नकरात्मक असरहरु:</u>**

१.मानिसको स्वास्थ्य लाई प्रत्यक्ष नकरात्मक असर तथा क्यान्सर जस्ता रोगहरुको लक्षण देखा पर्ने

२. महिलामा गर्भपतन तथा बाझोपन हुने ,

३. खेतबारी गोडमेल गर्ने महिलाको छालामा चिलाउने रोगको लक्षण देखा पर्ने ।

४. वातावरण र जिवजन्तुलाई प्रत्यक्ष असर पुगी गाईबस्तुको मृत्यु हुने ।

५. विभिन्न दिर्घकालीन रोगको लक्षणहरू देखा पर्ने

६.विषादी प्रयोग गरिएको खेतको माटो तथा माटोमा भएको उर्वराशक्ती घट्ने ।

७. अन्तत खेतबारीको उत्पादकत्व घट्ने ।

.....................
टेक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना तथा प्रविधि शाखा- सूचना अपलोड गरीदिनु हुन ।